बैठक मिति : २०७७/१/४
बैठक संख्या : २३

## छलफल तथा निर्णयहरु

१. 'नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति' मा राष्ट्रिय योजना आयोगका तर्फबाट माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेललाई सदस्यको रुपमा राखिएकोमा नेपाल सरकारलाई धन्यवाद प्रदान गर्ने।

२. माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा गठित 'नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति' को मिति २०७६/१२/२५ को १८औं बैठकको निर्णयानुसार कोभिड-१९ विश्वव्यापी महामारीका कारण नेपालको समाजिक, आर्थिक तथा अन्य क्षेत्रमा परेको असर/प्रभावको सम्बन्धमा अध्ययन गरी उपयुक्त पुनरोत्थान योजना तथा आवश्यक लगानी रणनीति समेत तर्जुमा गर्न आयोगमा प्रस्तुत अवधारणा पत्र तथा कार्यशर्त स्वीकृत गर्ने। उक्त अवधारणा पत्र तथा कार्यशर्तहरु अनुसार अध्ययन कार्य अघि बढाउने र अध्ययन कार्यको आवश्यक समन्वय अनुसन्धान तथा तहगत समन्वय कार्यक्षेत्र हेर्ने सहसचिवले गर्ने ।

३. नेपाल सरकारबाट कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको 'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' मा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यहरुको तर्फबाट एक महिनाको तलब बराबरको रकम जम्मा गर्ने।

४. माननीय सदस्य डा. उषा झाकी सासुआमा श्रीमती निर्मला देवी झाज्यू को मिति २०७६/१२/२४ मा असामयिक निधन भएको हुँदा उहाँको आत्माको चिरशान्तिको कामना तथा शोकसन्तप्त परिवारलाई धैर्य धारणा गर्न बल मिलोस् भनी आयोगको तर्फबाट समवेदना प्रकट गरियो।